# संघीय संसदमा बजेट छलफलसम्बन्धी कार्यप्रक्रिया



रामकुमार पौडेल ✍

**सारांश**

*सरकारका तीन अङ्गमध्ये व्यवस्थापिका महत्त्वपूर्ण अङ्ग मानिन्छ । नेपालको संविधानले संघीय व्यवस्थापिकाको रूपमा प्रतिनिधि सभा र राष्ट्रिय सभा नामको दुई सदनात्मक संसदको व्यवस्था गरेको छ । संघीय संसदले व्यपस्थापिकीय अधिकार प्रयोग गरी नेपालको संविधानको अनुसूची-५ मा उल्लेख भएको एकल अधिकारको सूचीको विषयमा तथा अनुसूची-७ र ९ मा उल्लेख भएको साझा अधिकारको विषयमा कानून बनाउने गर्दछ । साथै, संघीय संसदले सरकार बनाउने, बजेट पारित गर्ने, सरकारको कामको अनुगमन गर्नेजस्ता कार्य मुख्य रूपमा गर्ने गर्दछ । बजेट पारित गर्ने काममा संसदले महत्त्वपूर्ण समय व्यतित गरेको हुन्छ । समान्यतया बजेट छलफलमा संघीय संसदमा दुई महिना र व्यवस्थापिका-संसद र सोभन्दा पहिलेको संसदमा तीन महिनासम्म समय व्यतित भएको पाइन्छ । बजेट छलफल भन्ने वित्तिकै पूर्वबजेट छलफलदेखि नीति कार्यक्रम, बजेट पेश, विनियोजन विधेयक तथा यससँग आश्रित विधेकयहरूको छलफलको कार्य भन्ने बुझिन्छ । पूर्वबजेटदेखि बजेट छलफलसम्मको काम दुवै सदनमा एकसाथ हुन्छ भने विनियोजन विधेयकको चरणको काम भने प्रतिनिधि सभाबाट पारित भएपछिमात्र राष्ट्रिय सभामा हुने गर्दछ । राष्ट्रिय सभालाई बजेट छलफलमा समयको सीमा तोकिएको छ । त्यसैले प्रतिनिधि सभाले बजेटको छलफल गर्दा उक्त व्यवस्थालाई समेत ध्यानमा राखेर विनियोजन विधेयकको विभिन्न शीर्षकको छलफल गर्दा समूहगत रूपमा गर्ने र मन्त्रीबाट जवाफ दिने काम पनि समूहगत रूपमा हुने गरेको पाइन्छ । दुवै सदनबाट बजेट पारित भएपछि सभामुखले प्रमाणित गरी राष्ट्रपतिसमक्ष पठाइन्छ । राष्ट्रपतिद्वारा प्रमाणीकरण भएपछि सोको जानकारी दुवै सदनलाई दिइन्छ । यसरी बजेटको कार्यले पूर्णता पाउँछ ।*

✍ उपसचिव, संघीय संसद सचिवालय

## विषय प्रवेश

नेपालको संविधानले विधायिकी अधिकारको विभाजन तीन तहमा गरेको छ । संघीय व्यवस्थापिका दुई सदनात्मक हुने र प्रदेशस्तरमा प्रदेश सभा एक सदनात्मक रहने व्वव्स्था छ । स्थानीय तहमा गाउँ सभा वा नगर सभा व्यवस्थापिकाको रूपमा रहेको छ । संघीय संसदको व्यवस्थापिकीय अधिकार संविधानको अनुसूची-५ को एकल अधिकार सूची तथा अनुसूची-७ र ९ मा उल्लेख भएको साझा अधिकारको सूचीबमोजिम हुने व्यवस्था गरेको छ । यसैगरी अन्य विधेयक कुनै पनि सदनमा प्रस्तुत हुन सक्ने भए पनि अर्थ विधेयक प्रतिनिधि सभामा मात्र प्रस्तुत हुने व्यवस्था गरेको छ । संविधानबमोजिम कर लगाउने र कर उठाउने अधिकार कानूनबमोजिम मात्र हुने व्यवस्था गरिएको छ । संघीय कानूनबमोजिम मात्र नेपाल सरकारले ऋण लिन पाउने र सोको लागि जमानत दिन सक्नेछ । राजस्व र व्ययको अनुमान (बजेट) दुवै सदनको संयुक्त बैठकमा प्रस्तुत हुने र सोउपर छलफल तथा पारित दुवै सदनको बैठकमा हुने व्यवस्था रहेको छ ।

प्रतिनिधि सभाले विनियोजन विधेयक परित गरी राष्ट्रिय सभामा पठाउने र सो सभाले १५ दिनभित्र विनियोजन विधेयकमाथि छलफल गरी कुनै संशोधन भए सुझावको रूपमा सभाबाट पारित गरी फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । यसरी दुवै सदनबाट पारित विनियोजन विधेयक सभामुखले प्रमाणित गरेर राष्ट्रपतिसमक्ष पठाइन्छ । राष्ट्रपतिबाट प्रमाणीकरण गरेपछि विधेयक ऐन बन्छ र बजेट कार्यान्वयनमा आउँछ । यसरी बजेट सम्बन्धी संसदीय कामकारवाहीहरू नेपालको संविधान तथा सभाका नियमावलीले तोकेको कार्यविधिअनुसार हुने गर्दछन् तर कतिपय कामहरू संसदीय अभ्यासको रूपमा हुँदै आएका छन् ।

संसदको एक सभाबाट विधेयक पारित भएपछि संसदको अर्को सदनमा पठाइन्छ । त्यस सदनबाट पारित भएपछि उत्पत्ति भएको सभामा फिर्ता पठाइन्छ । यसरी दुवै सदनबाट पारित भएपछिमात्र प्रमाणीकरणको लागि राष्ट्रपतिसमक्ष पठाइन्छ । बजेट पारितसम्बन्धी कार्य गर्न सदनको धेरै समय व्यतित भएको हुन्छ । अन्य विधेयकहरू सभाबाट समितिमा दफावार छलफलको लागि पठाइन्छ तर बजेटसम्बन्धी छलफल सदनको बैठकमा नै गरिन्छ । राजस्व र व्ययको अुनमान (बजेट) वक्तव्य माथिको छलफल तथा विनियोजन विधेयकमाथिको छलफलको दिन अगावै तोक्नुपर्ने र आर्थिक विधेयक, राजस्व र व्ययको अनुमान पेश गरेपछि बसेको बैठकमा सभासमक्ष पेश गर्नुपर्ने विषय नियमावलीमा स्पष्ट रूपमा उल्लेख भएको छ । सभाका नियमावलीले विनियोजन विधेयकसम्बन्धी कार्यविधिको व्यवस्था गरेको छ । बजेटसम्बन्धी कारवाही कार्यव्यवस्था परामर्श समितिको परामर्शमा सभाको बैठकबाट नै सम्पादन हुने गर्दछ ।

संघीय संसदको अधिवेशन एक वर्षमा सामान्यतया दुईपटक बस्ने गर्दछ । संविधानले एक अधिवेशन र अर्को अधिवेशनको अवधि छ महिनाभन्दा फरक हुन नहुने व्यवस्था गरेको छ । बजेट छलफलसम्बन्धी कार्य गर्न हरेक वर्ष वैशाख महिनामा पहिलो अधिवेशन आह्वान हुने गर्दछ । यो अधिवेशनलाई बजेट अधिवेशन पनि भनिन्छ । यस अधिवेशनमा बजेटको प्राथमिकता र सिद्धान्तमाथि छलफल, नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत, राजस्व र व्ययको अनुमान (बजेट) पेश, विनियोजन विधेयकमाथि छलफल गर्ने मुख्य कार्य हुने गर्दछ । यसको साथै अन्य विधेयक तथा विभिन्न प्रस्तावहरूमा पनि छलफल हुने गर्दछ । यस लेखमा संघीय संसदमा पूर्वबजेटदेखि बजेट छलफल तथा पारितसम्मको विभिन्न चरणहरूको कामकारवाहीको बारेमा सिलसिलेवार रूपमा उल्लेख गर्ने प्रयास गरिएको छ ।

### बजेटको सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्तावबाहेक) छलफल

सभाका नियमावलीले बजेट प्रस्तुत गर्ने १५ दिन अगावै संसदमा बजेटको सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्तावबाहेक) छलफल गरिसक्नुपर्ने व्यवस्था गरेको छ । साधारण भाषामा भन्दा यसलाई पूर्वबजेट छलफल पनि भनिन्छ । यसको लागि नेपाल सरकारका अर्थमन्त्रीले दुवै सदनको बैठकमा बजेटको सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्तावबाहेक) प्रस्तुत गर्ने र सभामुखले सोउपर छलफल गर्ने दिन तोक्ने व्यवस्था गरिन्छ । उक्त दिनहरूमा नेपाल सरकारका अर्थमन्त्रीले बजेटको सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्तावबाहेक) उपर छलफल गरियोस् भन्ने प्रस्ताव गर्ने र त्यसपछि दलीय आधारमा त्यसउपर छलफल हुन्छ । माननीय सदस्यहरूले बोल्ने क्रम सकिएपछि अर्थमन्त्रीले जवाफ दिनुपर्ने हुन्छ । सदनमा भएको छलफलका आधारमा टिपोटसहित तयार भएको प्रतिवेदन अर्थ मन्त्रालयमा पठाउने गरिन्छ । यससम्बन्धी प्रतिवेदन तयार गर्न सचिवलायले आवश्यक कर्मचारीको व्यवस्था गरी कार्य सम्पादन गर्दछ ।

### नेपाल सरकारको नीति तथा कार्यक्रम

प्रत्येक आर्थिक वर्षमा नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा राष्ट्रपतिले प्रस्तुत गर्ने कानूनी व्यवस्था रहेको छ । राष्ट्रपतिबाट हुने यस्तो सम्बोधनको जानकारी सदस्यहरूलाई महासचिव वा निजको अनुपस्थितिमा सभाको सचिवद्वारा दिइने व्यवस्था छ । राष्ट्रपतिको सम्बोधनको लागि सभाको बैठक बसेलगत्तै धन्यवादको प्रस्ताव प्रस्तुत गर्ने गरिन्छ । प्रतिनिधि सभामा यस्तो प्रस्ताव सभामुखले गर्ने र सभाले सहमति जनाउँछ । यसैगरी राष्ट्रिय सभामा कुनै सदस्यले प्रस्ताव प्रस्तुत गर्ने र अर्को सदस्यले सो प्रस्तावलाई समर्थन गरेपछि निर्णयार्थ प्रस्तुत गरिन्छ । त्यसपछि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफल हुने दिन तोकिन्छ

र उक्त दिनहरूमा छलफल हुन्छ । छलफलको सुरुमा संशोधन प्रस्ताव प्रस्तुत गर्ने सदस्यले संशोधन प्रस्तुत गर्दै छलफलमा भाग लिने र त्यसपछि अन्य सदस्यहरूले छलफलमा भाग लिने प्रचलन रहेको छ । छलफलको अन्त्यमा प्रधानमन्त्रीले जवाफ दिने कार्य सकिएपछि उक्त विषयमा संशोधन भएमा सोउपर निर्णय गरिन्छ र नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रमलाई निर्णयार्थ प्रस्तुत गरिन्छ ।

### आर्थिक सर्भेक्षण पेश

बजेट प्रस्तुत गर्नुपूर्व अर्थमन्त्रीबाट चालु आर्थिक वर्षको आर्थिक सर्भेक्षण दुवै सदनमा पेश हुन्छ । आर्थिक सर्भेक्षण पेश गर्ने सम्बन्धमा सभाका नियमावलीमा कुनै व्यवस्था रहेको पाइँदैन तर यो कार्य परम्परागत रूपमा हुँदै आएको पाइन्छ ।

### राजस्व र व्ययको अनुमान (बजेट) पेश तथा छलफल

नेपाल सरकारका अर्थमन्त्रीले हरेक वर्ष जेठ १५ गते राजस्व र व्ययको अनुमान (बजेट) दुवै सदनको संयुक्त बैठकमा प्रस्तुत गर्नुपर्ने व्यवस्था नेपालको संविधानमा रहेको छ । सोको लागि बस्ने संयुक्त बैठकको सूचना सदस्यहरूलाई महासचिवबाट गराउनुपर्ने व्यवस्था संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ ले गरेको छ । सोहीबमोजिम सदस्यहरूलाई सूचनापत्र-४ प्रकाशन गरी सूचना दिने गरिन्छ । अर्थमन्त्रीले राजस्व र व्यव्यको वार्षिक अनुमान (बजेट) प्रस्तुत भएपछि लगत्तै बसेको दुवै सदनको बैठकहरूमा बजेट वक्तव्य टेबुल गरिन्छ । राजस्व र व्ययको वार्षिक अनुमान टेबुल गरिएको दिन सोउपर कुनै छलफल नगरिने र राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल गर्नको लागि प्रधानमन्त्री वा प्रधानमन्त्रीले तोकेको मन्त्रीसँग परामर्श गरी छलफलको दिन तथा समयावधि निर्धारण सभाध्यक्षबाट गरिन्छ । सोही बैठकमा अर्थमन्त्रीले आर्थिक विधेयक प्रस्तुत गर्ने अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्ने र छलफलको लागि तोकेको दिनमा तथा समयावधिभित्र यस विधेयकमा छलफल हुन्छ ।

राजस्व र व्ययको वार्षिक अनुमान माथिको छलफलको प्रारम्भ अर्थमन्त्रीको वक्तव्यबाट सुरु हुने र छलफल दलीय आधारमा हुन्छ । माननीय सदस्यहरूले बोल्ने क्रम सकिएपछि अर्थमन्त्रीले उत्तर दिनु हुने व्यवस्था नियमावलीले गरेको छ तर छलफलमा भाग लिने सदस्यहरूले जवाफमा थप स्पष्ट पार्नको लागि स्पष्टीकरण सोध्ने र अर्थमन्त्रीबाट सो सम्बन्धमा थप स्पष्ट गर्ने कार्य हुन्छ । बजेटको यो चरणसम्मको कार्य दुवै सदनमा प्राय सँगसँगै हुने गर्दछ । यस पछिको विनियोजन विधेयक र यससँग सम्बन्धित अन्य कार्यहरू विधेयकको प्रक्रियाअनुसार सदनमा हुने गर्छ । प्रतिनिधि सभामा यससम्बन्धी कार्य निरन्तर रूपमा हुन्छ । राष्ट्रिय सभामा भने प्रतिनिधि सभाबाट विनियोजन विधेयक पारित भएको सन्देश प्राप्त भएपछि मात्र कारवाही प्रारम्भ हुने गर्दछ ।

### विनियोजन विधेयक प्रस्तुत

बजेटमाथिको सामान्य छलफल समाप्त भएपछि बसेको अर्को बैठकमा अर्थमन्त्रीले विनियोजन विधेयक पेश हुन्छ । विनियोजन विधेयकमाथि सैद्धान्तिक छलफल भएपछि सोसँग आश्रित विधेयकहरू राष्ट्र ऋण उठाउने विधेयक, ऋण तथा जमानत विधेयक पनि क्रमशः पेश गर्ने प्रचलन रही आएको छ । उक्त विधेयकहरू पनि पेश गर्ने प्रक्रिया विनियोजन विधेयकको जस्तै रहेको हुन्छ । विनियोजन विधेयकसँग सम्बन्धित आश्रित विधेयकहरूको अन्य कारवाही भने विनियोजन विधेयक पारित नभएसम्म अगाडि बढाइँदैन ।

अर्थमन्त्रीले "विनियोजन विधेयकमाथि सामान्य छलफल गरियोस्" भनी प्रस्ताव गरेपछि सभामुखले विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने जानकारी सभालाई गराउनु हुने, छलफलको अन्त्यमा अर्थमन्त्रीले जवाफ दिने कार्य हुन्छ । कुनै पनि सदस्यले छलफलमा भाग नलिएमा छलफल समाप्त भएको घोषणा हुन्छ । यसपछि प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गरिन्छ । साथै, विनियोजन विधेयकको विभिन्न शीर्षकहरूमाथि छलफल गर्न र सम्बन्धित मन्त्रीले जवाफ दिनको लागि दिनहरू तोकिने गरिन्छ ।

### खर्च कटौतीको प्रस्ताव

विनियोजन विधेयकको सामान्य छलफल समाप्त भएपछि सो विधेयकमा संशोधन प्रस्ताव दर्ता गर्ने समय सुरु हुन्छ । अन्य विधेयकमा संशोधन प्रस्ताव गर्ने तरिका र विनियोजन विधेयकमा संशोधन गर्ने प्रक्रियामा भिन्नता रहेको पाइन्छ । यस विधेयकमा संशोधन पेश गर्दा खर्च कटौतीको प्रस्तावको रूपमा सूचना दिइन्छ । यस्तो प्रस्तावको सूचना कुनै शीर्षकमा एक मन्त्रालयमा एक दल वा स्वतन्त्र सदस्यको तर्फबाट एकमात्र सूचना दिन पाउने व्यवस्था रहेको छ । कुनै शीर्षकको खर्च रकम घटाउन देहायबमोजिमको प्रस्ताव प्रस्तुत गरिन्छः-

१. **शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस्:** यस किसिमको प्रस्तावलाई शीर्षकमा निहित नीतिमाथि असहमति प्रकट गर्न प्रस्तुत गरिएको मानिन्छ । यस्तो सूचना दिने सदस्यले छलफल गर्न चाहेको नीतिको यथार्थ र स्पष्ट हुने गरी खुलाउनुपर्ने र सदस्यले वैकल्पिक नीतिको सुझाव दिनसक्ने व्यवस्था रहेको छ ।
२. **शीर्षकको खच रकममा उल्लिखित खर्च रकम घटाइयोस्:** यस प्रकारको प्रस्तावलाई मितव्ययिता अवलम्बन गर्न प्रस्तुत गरिएको मानिन्छ । शीर्षकमा उल्लेखित रकम घटाउने वा शीर्षकको कुनै उपशीर्षक खारेज गर्ने वा त्यस्तो उपशीर्षकको खर्च रकम घटाउने

विषयमा केन्द्रित रहन्छ । यस्तो प्रस्तावमा मितव्ययिता कायम गर्न सकिने विषयमा छलफल हुन्छ ।

३. **शीर्षकको खर्च रकममा एक सय रुपैयाँ घटाइयोस्**: यस प्रकारको प्रस्तावलाई नेपाल सरकारको जवाफदेहीभित्रको विषयमा प्रस्तावक सदस्यलाई चित्त नबुझेको विषय प्रकट गर्न प्रस्तुत गरिएको साङ्केतिक प्रस्ताव मानिन्छ । त्यस्तो प्रस्ताव पेश गर्दा चित्त नबुझेको खास विषयमा मात्र छलफल हुन्छ ।

खर्च कटौतीको प्रस्ताव स्वीकार गर्न केही शर्तहरू रहेका छन् । प्रतिनिधि सभा नियमावलीको नियम ६२, १४४ र राष्ट्रिय सभा नियमावलीको नियम ४८, १३५ को देहायको शर्त पूरा भएको हुनुपर्छः-

- कुनै एक शीर्षकसँग मात्र सम्बन्धित हुनुपर्ने,
- कुनै एक विशेष विषय यथार्थ रूपमा खुलाएको हुनुपर्ने,
- नेपाल सरकारको सरोकारको क्षेत्रभित्रको विषय हुनुपर्ने,
- सञ्चित कोषमाथि व्ययभार भएको रकमसँग सम्बन्धित हुनु नहुने,
- कुनै बैठकमा छलफल गर्नको निमित्त समय निर्धारित भइसकेको विषयमाथि त्यस्तो निर्धारित समय अगावै छलफल गर्ने विषय उठाएको हुन नहुने,
- खर्चको रकमलाई वृद्धि गर्न वा खर्च रकमको स्थानान्तर गर्न खोजेको हुनु हुँदैन ।

खर्च कटौतीको प्रस्तावको सूचना स्वीकार योग्य छ वा छैन भन्ने कुराको निर्णय प्रतिनिधि सभामा भए सभामुख र राष्ट्रिय सभामा भए अध्यक्षबाट हुन्छ । यसबमोजिम प्राप्त कुनै प्रस्ताव नियमावली प्रतिकूल देखिएमा कारण खोली अस्वीकार गर्ने प्रावधान नियमावलीले गरेको छ ।

**विनियोजन विधेयकका विभिन्न शीर्षकहरूमाथिको छलफल तथा सम्बन्धित मन्त्रीबाट जवाफ**

विनियोजन विधेयकको विभिन्न मन्त्रालयका विभिन्न शीर्षकहरूमाथिको छलफल छुट्टाछुट्टै वा समूहीकृत रूपमा गर्ने प्रावधान नियमावलीमा रहेको छ । विगत वर्षहरूमा कहिले छुट्टाछुट्टै रूपमा र कहिले समूहीकृत रूपमा छलफल भएको पाइन्छ । २०४८ देखि २०५९ सम्म यस्तो छलफल छुट्टाछुट्टै रूपमा भएको पाइन्छ । पुनर्स्थापित प्रतिनिधि सभापछि सामान्यतयाः ३ या ४ मन्त्रालयको समूह बनाई समूहीकृत रूपमा नै छलफल भएको पाइन्छ । साथै, संघीय संसदको गठनपछि पनि यस्तो छलफल समूहीकृत रूपमा हुँदै आएको छ ।

विनियोजन विधेयकको विभिन्न शीर्षकहरूमाथि छलफल गर्न र सम्बन्धित मन्त्रीले जवाफ दिनको लागि प्रधानमन्त्री वा प्रधानमन्त्रीले तोकेको अन्य कुनै मन्त्रीसँग परामर्श गरी विभिन्न

शीर्षकहरू माथिको छलफल गर्न र निर्णय गर्नको निमित्त दिन तथा समयावधि तोकिने गरिन्छ । विनियोजन विधेयकको छलफलको सुरुमा खर्च कटौतीको प्रस्तावको सूचना दिने माननीय सदस्यहरूलाई दर्ताक्रमानुसार खर्च कटौतीको प्रस्ताव राख्न र छलफलमा भाग लिन समय उपलब्ध गराइन्छ ।

समूहगत रूपमा भएको छलफलमा भाग लिँदा समूहको सबै मन्त्रालयमा राखिएको खर्च कटौतीको प्रस्ताव एकैसाथ राखिन्छ । खर्च कटौतीको प्रस्ताव प्रस्तुत भएपछि दलीय आधारमा विनियोजन विधेयकको शीर्षकहरूमा छलफल सुरु हुन्छ । छलफलको अन्त्यमा सम्बन्धित मन्त्रीले जवाफ दिने भनिए तापनि सबै मन्त्रालयको शीर्षकहरूमा छलफल समाप्त भएपछि जवाफ दिने कार्य हुन्छ । जवाफमा चित्त नबुझेमा छलफलमा भाग लिने सदस्यहरूले थप स्पष्टीकरण माग गर्ने र सो सम्बन्धमा सम्बन्धित मन्त्रीले स्पष्ट पारेपछि छलफल समाप्त हुन्छ ।

समूहगत छलफल गर्दा सामान्यतया माननीय मन्त्रीहरूको मर्यादाक्रमको अन्तिमबाट सुरु गरिन्छ । सबैभन्दा पछि प्रधानमन्त्रीको जवाफ रहने गर्दछ र विनियेजन विधेयकमाथिको छलफल समाप्त हुन्छ । यसपछि खर्च कटौतीको प्रस्ताव राख्नु हुने सदस्यलाई उहाँहरूले प्रस्तुत गर्नु भएको प्रस्ताव फिर्ता लिन समय दिइन्छ । सो समयमा प्रस्ताव फिर्ता लिएमा सोको जानकारी सभाध्यक्षले गराउनु हुनेछ र फिर्ता लिन नचाहेमा निर्णयार्थ प्रस्तुत गरिन्छ । यसरी सबै खर्च कटौतीको प्रस्तावहरूको टुङ्गो लगाइन्छ । त्यसपछि विनियोजन विधेयकको दफाहरूलाई निर्णयार्थ प्रस्तुत गर्दै पारित गर्ने र अर्थमन्त्रीले विधेयक पारित गरियोस् भनी प्रस्ताव गर्ने र उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गरी पारित गरिन्छ ।

**आर्थिक विधेयक तथा अन्य विधेयकको छलफल**

विनियोजन विधेयक पारित भएपछि सो विधेयकसँग सम्बन्धित आश्रित विधेयकहरू आर्थिक विधेयक, राष्ट्र ऋण उठाउने विधेयक, ऋण तथा जमानत विधेयकमाथि सामान्य छलफल गरियोस् भन्ने प्रस्तावमा छलफल हुन्छ । यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुन्छ र अर्थमन्त्रीले जवाफ दिनुभएपछि छलफल समाप्त हुन्छ र प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गरिन्छ । प्रस्ताव पारित भएपछि विधेयकमा संशोधन राख्ने समय सुरु हुन्छ । विधेयक संशोधनको सम्बन्धमा सचिवालयको विधेयक शाखाबाट सदस्यहरूलाई समयावधिसम्बन्धी सूचना दिने कार्य गरिन्छ ।

विनियोजन विधेयकसँग सम्बन्धित आश्रित विधेयकहरू आर्थिक विधेयक, राष्ट्र ऋण उठाउने विधेयक, ऋण तथा जमानत विधेयकमाथि दफावार छलफल सदनमा गरियोस् भन्ने प्रस्ताव अर्थमन्त्रीले गरेपछि दफावार छलफल सुरु हुन्छ । यस्तो छलफल हरेक विधेयकमा छुट्टाछुट्टै रूपमा हुने

गर्दछ । सभाध्यक्षले विधेयकमा प्राप्त संशोधनको बारेमा जानकारी गराउँदै संशोधनकर्ता सदस्यलाई संशोधन पेश गर्दै छलफलमा भाग लिन समय दिनु हुन्छ । संशोधनकर्ताले संशोधन पेश गरी छलफलमा भाग लिइसकेपछि छलफलमा भाग लिन चाहनु हुने अन्य सदस्यहरूलाई समय दिइन्छ । छलफलको अन्त्यमा अर्थमन्त्रीले जवाफ दिनुपर्छ । यसपछि विधेयकको छलफल समाप्त हुन्छ र छलफलमा सम्बन्धित मन्त्रीद्वारा स्वीकार गरिएका बाहेकका संशोधन प्रस्ताव फिर्ता लिन संशोधनकर्ता सदस्यलाई समय दिइन्छ । सो समयमा संशोधन प्रस्ताव फिर्ता नलिएमा उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गरिन्छ । संशोधनको निर्णय भएपछि विधेयक पारितको कार्य गरिन्छ ।

**राष्ट्रिय सभामा विधेयक छलफल तथा पारित**

प्रतिनिधि सभाबाट पारित भएको विनियोजन विधेयक र सोसँग सम्बन्धित आश्रित विधेयकहरू राष्ट्रिय सभामा पठाइन्छ । सो सभामा विधेयकको सन्देश प्राप्त भएपछि कारवाही सुरु हुन्छ र प्रतिनिधि सभाको बैठकमा भएबमोजिम नै विभिन्न चरणहरूमा विनियोजन विधेयक र यसका आश्रित सबै विधेयकहरूमा छलफल हुने गर्दछ । छलफलमा कुनै सुझाव भए सोसमेत पारित गरी १५ दिनभित्र प्रतिनिधि सभामा फिर्ता पठाउनुपर्ने कानूनी व्यवस्था रहेको छ ।

**राष्ट्रिय सभाबाट विधेयक फिर्ता**

प्रतिनिधि सभाको बैठकमा सचिवद्वारा विनियोजन विधेयक तथा सोसँग सम्बन्धित अन्य आश्रित विधेयकहरू सुझाव सहित वा सुझावविना राष्ट्रिय सभाबाट पारित भएको सन्देशको पत्र पढेर जानकारी दिने कार्य हुने गर्दछ । संशोधनसहित प्राप्त भएमा सभाले स्वीकार वा अस्वीकार गरी पुनः पारित गर्नेछ । व्यवहारिक रूपमा हालसम्म राष्ट्रिय सभाबाट विनियोजन विधेयकमा संशोधन गरी सुझावसहित विधेयक फिर्ताको सन्देश पठाएको पाइएको छैन ।

**प्रमाणित र प्रमाणीकरण**

दुवै सदनबाट पारित विनियोजन विधेयकलाई विधेयक शाखाले आवश्यक प्रतिहरू नेपाली कागजमा तयार गरी समामुख समक्ष प्रमाणितको लागि दिने गर्दछ । सभामुखबाट अर्थ विधेयक भनी प्रमाणित गरी राष्ट्रपति कार्यालयमा पठाइन्छ । राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि सोको जानकारी दुवै सदनलाई दिने र सभाको बैठकमा राष्ट्रपति कार्यालयबाट विधेयक प्रमाणीकरण भएको पत्र पढेर सुनाइन्छ । सभाको बैठक नबसेको समयमा यसको जानकारी सूचनाबाट गराइन्छ । यसरी बजेट पारितको संसदीय कार्यले पूर्णता पाउँछ ।

## निष्कर्ष

सरकारको प्रमुख अङ्ग व्यवस्थापिकाको रूपमा रहेको संघीय संसदबाट सम्पादन हुने कार्यहरूमध्ये एक मुख्य कार्य बजेट पारित रहेको छ । हरेक वर्ष पहिलो अधिवेशनमा बजेटसँग सम्बन्धित कार्यले प्राथमिकता पाउने गर्दछ । सामान्यतया हरेक वर्ष वैशाख महिनादेखि सुरु हुने अधिवेशनमा बजेट प्रस्तुतको दिन जेठ १५ गतेलाई मुख्य दिनको रूपमा आधार लिई बजेटसम्बन्धी कार्यको लागि सभामुख तथा अध्यक्ष र सभाका कार्य व्यवस्था परामर्श समितिको निर्देशनमा सचिवालयले कार्यतालिका बनाउने र सोहीबमोजिम कामकारवाही हुने गर्दछ । सदनको बैठकमा यस अवधिमा सदस्यको उपस्थिति र समसामयिक विषयमा सरकारको ध्यानाकर्षण पनि जोडदार रूपमा हुने गरेको पाइन्छ । बजेट छलफलमा समय विभाजन भएको कतिपय अवस्थामा बैठक अवरुद्धसमेत हुन जान्छ । यसले गर्दा नयाँ कार्यतालिका बनाउनुपर्ने, सम्बन्धित निकायमा जानकारी गराउनुपर्ने जस्ता समस्या पर्न आउँछ । कतिपय अवस्थामा मन्त्रालयहरूले बजेट पुस्तिकाहरू र स्थानीय आयोजनाको किताबहरू समयमा नै सदस्यहरूलाई उपलब्ध नगराउनेजस्ता समस्या पर्ने हुन्छ । यस्ता विविध कारणले कार्यतालिकाबमोजिम बजेटसम्बन्धी छलफल तोकिएको समयमै सम्पन्न गर्न छलफलको समयलाई कटौती गर्नुपर्ने अवस्था पर्न आउछ । बजेट छलफलको विषयमा सम्बन्धित सबै पक्ष जिम्मेवार बन्नु आवश्यक छ ।

## सन्दर्भ सामग्री


नेपालको संविधान, कानून किताव व्यवस्था समिति, बबरमहल ।

प्रतिनिधि सभा नियमावली, २०७५, संघीय संसद सचिवालय ।

राष्ट्रिय सभा (पहिलो संशोधन) नियमावली, २०७५, संघीय संसद सचिवालय ।

संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५, संघीय संसद सचिवालय ।

प्रतिनिधि सभा कार्यवृत्त, २०७४ देखि २०७७ सम्म ।

राष्ट्रिय सभा कार्यवृत्त, २०७४ देखि २०७७ सम्म ।

व्यवस्थापिका-संसद कार्यवृत्त, २०६६ ।